स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




यस वर्षको चाडपर्वमा प्रदर्शनमा आएका सात नेपाली चलचित्रमध्ये 'जेरी अन टप'ले सबैभन्दा धेरै आम्दानी गर्दै घरेलु बक्स अफिसमा अग्रस्थान कायम गरेको छ। चलचित्र विकास बोर्डले सोमबार सार्वजनिक गरेको कातिक १५ गतेसम्मको तथ्यांक अनुसार, 'जेरी अन टप"ले तीन लाख ३३ हजार ६०५ वटा टिकट बिक्री गरी१० करोड ५१ लाख ४८ हजार रुपैयाँ कमाएको छ।

**आजको विचार...**



न्युयोर्कका... *(दुई पेजमा)*

झलक सुवेदी

बालगायक अशोक दर्जीको जीवन र संघर्षलाई समेटेर चलचित्र 'मन बि... क दर्जीलाई सडकबाट उद्धार गरेर गायनसम्ममा साथ दिका सङ्गीतकार ... न गरेको चलचित्रमा वर्तमान समाजमा मन र धनबीचको टकरावलाई चि... न्ने यात्रालाई देखाइएको छ। चलचित्रको कथा तयार गरिएको बताए। उन... हिंड्ने गायक दर्जीको जीवन परिवर्तन गरेको कथा चलचित्रमा ल्याएको छ।




❒ वर्ष ३१ अंक १०३ ❒ २०८२ कातिक २४ गते सोमबार 10 November 2025, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-


# बगैँचाबाटै सुन्तला बिक्री हुँदा किसान खुसी

रासस

**त्रिवेणी (नवलपरासी),** कात्तिक २३ / नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको बौदीकाली-५, बबकका गेशबहादुर रानालाई यसपटक बोटबाटै सुन्तला राम्रो मूल्यमा बिक्री हुँदा खुसी लागेको छ । अघिल्ला वर्षमा सुन्तलाको बजार खोज्दै धाउनुपर्ने र मूल्यसमेत कम पर्ने गरेकामा अहिले सहज रुपमा सुन्तला बगैँचाबाटै बिक्री हुँदा खुसी लागेको उनले बताए ।

जिल्लाको सुन्तला उत्पादनको प्रख्यात गाउँका रुपमा चिनिएको बबकका सुन्तला किसानले सहजै बगैँचाबाटै सुन्तला बिक्री गर्दै आएको रानाले बताए । स्थानीय व्यापारीले बगैँचाबाटै हाल प्रतिकिलो ६० देखि ६५ सम्ममा सुन्तला बिक्री गर्दै आएको उनले बताए । "एकातर्फ सहज रुपमा बगैँचाबाटै सुन्तला बिक्री भएको छ, अर्कोतर्फ सुन्तलाको मूल्यसमेत अघिल्ला वर्षकोभन्दा धेरै मूल्य पाउँदा किसान उत्साहित बनेका छन्", रानाले भने । गत वर्ष रु ५० देखि रु ५५ प्रतिकिलोसम्म सुन्तला बिक्री



भएकामा अहिले मूल्यसमेत केही बढेको उनले बताए । नवलपुरको पहाडी क्षेत्रमा लगाइएको सुन्तला टिप्न यतिबेला किसान व्यस्त छन् । टिपिएका सुन्तला गाउँबाटै बिक्री हुँदा थप सहज भएको बुलिङ्टार-५, राइकोटका सुन्तला किसान कृष्ण सारुले बताए । उनको मात्रै करिब एक हजार सुन्तलाका बोट रहेका छन् । सुन्तला पाकेपछि स्थानीय बजारमा बिक्री गर्दै आएको उनले बताए । मौसम राम्रो भएकाले यसपटक सुन्तलाको दानासमेत राम्रो लागेको र बजार भाउ राम्रो प्राप्त गरेको सारुले बताए । गत वर्ष राइकोटमा उत्पादन भएका सुन्तला साना दाना भएकामा अहिले दाना राम्रो लागेको उनले बताए । उत्पादन भएको सुन्तला स्थानीय कावासोती बजार क्षेत्रमा नै आफूले खपत गर्दै आएको सारुले बताए । "अहिले सुन्तला बजार पठाउनेक्रम छ, जिल्लाका स्थानीय बजारमा खपत हुँदै आएको छ, पछि के हुन्छ हेरौँ", सारुले भने । जिल्लाको पहाडी क्षेत्र बबक, राइकोट, जौवारी, ढोडेनी, देउरालीलगायत क्षेत्रमा सुन्तला उत्पादन हुने गरेको छ । अहिले सुन्तला किसानले सुन्तला टिप्न सुरु गरेका छन् । स्थानीय व्यापारी बगैँचामा नै पुगेर सुन्तला खरिद गर्ने गरेका छन् । कतिपय व्यापारीले फोन गरेर सुन्तला माग गरेपछि पठाइदिने गरेको बबकका किसान रानाले बताए । नवलपुरका स्थानीय बजारसँगै चितवनको नारायणगढबाट सुन्तला माग हुँदै आएको उनले बताए "व्यापारीले माग राम्रै गरिरहेका छन्, यही मूल्य तयगरी जोखेर पठाएमात्रै हुन्छ, कुन बजारमा लगेर बेच्ने भन्ने चिन्ता अहिले छैन", रानाले भने ।

किसान आफैँले सुन्तला बजारमा पुऱ्याउँदा मूल्य निर्धारण कति हुने, कुन ठाउँ लैजाने भन्ने चिन्ता हुने गरेकामा गाउँबाटै मूल्य तय गरी व्यापारीको मागअनुसार पठाउने गरेको उनको भनाइ छ । गाउँका विभिन्न स्थानमा स्थानीय व्यापारीलेसमेत सुन्तला संलग्न गरी सोही ठाउँबाट खरिद बिक्री गर्दै आएका छन् । यसले गर्दा किसानलाई सुन्तला बिक्रीमा सहजता मिलेको छ ।

नवलपरासी पूर्व नवलपुरमा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ नवलपुरद्वारा सुन्तला जातका फलफूल जोन कार्यक्रम सञ्चालन गरेपछि जिल्लामा व्यावसायिक रुपमा सुन्तलाको उत्पादन बढ्दै गएको छ । कार्यालयका सूचना अधिकारी रणबहादुर महतोका अनुसार नवलपुरमा १८० हेक्टर क्षेत्रफल सुन्तलाजात फलफूलको उत्पादशील क्षेत्र रहेको छ । गत आर्थिक वर्षमा नवलपुरमा एक हजार ४०० टन सुन्तला उत्पादन भएको थियो । सूचना अधिकारी महतोका अनुसार कागती १८ टन उत्पादन भएको थियो । गत वर्ष किसानले सुन्तला बिक्रीबाट करिब रु आठ करोड ९० र कागती बिक्रीबाट रु १७ लाख ८६ हजार आम्दानी गरेका थिए ।

## सक्षिप्त समाचार

### जापानमा ६ दशमलव ७ म्याग्निच्युडको भूकम्प

**टोकियो,** कात्तिक २३/ (रासस/एएफपी) जापानमा आइतबार साँझ ६दशमलव ७ म्याग्निच्युडको शक्तिशाली भूकम्प गएपछि उत्तरपूर्वी प्रशान्त तटमा सुनामीको चेतावनी जारी गरिएको छ ।जापान मौसम विज्ञान एजेन्सी ९जेएमए० का अनुसार भूकम्प साँझ ५:०३ बजे ९०८०३ जिएमटी० इवाटे प्रान्तको समुद्री क्षेत्रमा केन्द्रित थियो । एजेन्सीले करिब एक मिटर ९तीन फिट उचाइको सम्भावित सुनामी आउन सक्ने चेतावनी जारी गर्दै तटीय क्षेत्रका बासिन्दाहरूलाई सतर्क रहन अनुरोध गरेको छ । संयुक्त राज्य अमेरिकाको भूवैज्ञानिक सर्वेक्षण (युएसजिएस) ले भने भूकम्पको तीव्रता ६दशमलव ८ म्याग्निच्युड मापन गरेको जनाएको छ । जेएमएले इवाटे तटका लागि 'सुनामी सल्लाह जारी गरिएको' बताउँदै कुनै पनि क्षण समुद्री छालहरू तटीय क्षेत्रमा पुग्न सक्ने चेतावनी दिएको छ । यसैबीच, राष्ट्रिय प्रसारणकर्ता एनएचकेले अपतटीय क्षेत्रमा सानो सुनामी छालहरू देखिएको पुष्टि गर्दै जनतालाई समुदी तटबाट टाढा रहन र उच्च स्थानमा सर्न आग्रह गरेको छ । जापानी टेलिभिजनहरूले प्रत्यक्ष प्रसारणमार्फत समुद्री अपेक्षाकृत शान्त देखिएको भए पनि अधिकारीहरूले सावधानी अपनाउन आग्रह गरेका छन् ।

## मिसन अस्पतालले 'सिटी स्क्यान' सेवा सुरु गर्दै



**पाल्पा,** कार्तिक २३ / तानसेनस्थित युनाइटेड मिसन अस्पतालमा 'सिटी स्क्यान' सुरु गर्ने तयारी गरेको छ । अस्पतालले १६० स्लाइसको अत्याधुनिक सिटी स्क्यान मेसिन जडान गरी सेवा सुरु दिने तयारी थालेको हो ।

आगामी सातादेखि सेवा सञ्चालनमा ल्याउने योजना रहेको अस्पतालका प्रशासकीय अधिकृत जीवन भट्टराईले बताए ।

अस्पतालले स्वास्थ्य सेवामा नयाँ आयाम थप्दै कार्डियक सेवा सहितको १६० स्लाइसको अत्याधुनिक सेवा सुरु गर्न लागेको उनको भनाई छ । भट्टराईका अनुसार सेवा सञ्चालनमा आएपछि यहाँका जनताले विशेषज्ञ स्वास्थ्य सेवा सहज रूपमा पाउनेछन् । २४ सै घण्टा उपलब्ध हुनेगरी सिटिस्क्यान सेवा सुचारु गर्न लागिएको उनको भनाई छ । सिटी स्क्यान सेवा थप भएसँगै अस्पतालका सेवाग्राहीले उच्च गुणस्तरीय सेवा प्राप्त गर्न सक्नेमा विश्वस्त रहेको अस्पतालले जनाएको छ । वि.सं. २०११ सालमा स्थापना भएको अस्पतालले विशेषज्ञ सेवा प्रदान गर्दै आएको छ ।

(बाँकी अन्तिम पेजमा...)

## पाल्पा रारा सहकारीले मनायो २५ औं साधारण सभा

**पाल्पा,** कार्तिक २३/ पाल्पा रारा बचत तथा ऋण सहकारीले २५ औं वार्षिक साधारण सभा मनाएको छ । सहकारीले एक औपचारिक कार्यक्रमको आयोजना गरी तानसेनमा साधारण सभा मनाएको हो ।सभाको प्रमुख अतिथि सहकारीका संस्थापक अध्यक्ष हिराबहादुर शाहले उद्घाटन गरेका हुन् । सभाको उद्घाटन गर्दै शाहले सहकारीको मूख्य भावनालाई आत्मसाथ गरी उद्यमशिलताको क्षेत्रमा लगानी बढाउन शेयर सदस्यहरूलाई आग्रह गरे । उनले लगानीलाई आय आर्जनमा जोड्न सकेमा शेयर सदस्यको आर्थिक अवस्थामा सुधार हुन सक्नेमा जोड दिए । सहकारीका अध्यक्ष भिमसेन कार्कीले सहकारी संस्थाका शेयर सदस्यबीच सहकार्य गरी सहकारीका सिद्धान्त आत्मसाथ गर्दै सहकारी नाफामूलक भन्दा सेवामूलक हुन आवश्यक रहेकोमा जोड दिए । उनले सहकारीमा वित्तीय सुशासन कायम राख्न सहकारीको मूल्य, मान्यता अनुसार शेयर सदस्यमैत्री



विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएको अवगत गराए । संस्थाले शेयर सदस्यको परिवारको लागि नि:शुल्क ब्लड डोनेशन, महिला उद्यमी कार्यक्रममार्फत विना धितो समूहमा लगानी, उत्कृष्ट शैक्षिक सम्मान लगायतका कार्यक्रम गरेको छ । कोषाध्यक्ष यज्ञ प्रसाद श्रेष्ठले आर्थिक प्रतिवेदन र सचिव अजयमान कर्माचायले सचिवको प्रतिवेदन प्रस्तुत गरेका थिए । ती प्रतिवेदन सभाबाट सर्वसम्मत पारित भएका थिए । कार्यक्रममा शेयर सदस्यको तर्फबाट रीता थापा, ज्येष्ठ नागरिक धर्मचक्र नेपाल लगायतले आ-आफ्ना धारणा राखेका थिए । सोही अवसरमा संस्थापक अध्यक्ष हिराबहादुर शाह र एस.ई.ई.मा उत्कृष्ट नतिजा ल्याउने शेयर सदस्य परिवारबाट दिया कार्कीलाई सम्मान गरिएको प्रवन्धक प्रमुख प्रकाश रेग्मीले जानकारी दिए । संस्थाका अध्यक्ष भिमसेन कार्कीको अध्यक्षता, सञ्चालक समिति सदस्य विजिता भट्टराईको स्वागत, सचिव अजयमान कर्माचार्यको सञ्चालनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## शान्ति र विकासका लागि विज्ञान आवश्यक

शान्ति र विकास एक सिक्काका दुई पाटा जस्तै हुन् । जहाँ शान्ति हुन्छ, त्यहाँ विकास हुन्छ । शान्तिलाई नै विकासको जग मान्न सकिन्छ । शान्ति हुनका लागि सम्बन्धित राष्ट्रका सबै पक्षमा विकासको वातावरण बन्नु पर्छ । चाहे त्यो भौतिक विकास होस् चाहे त्यहाँका जनताको बौद्धिक वा प्राज्ञिक विकास होस् तिनैबाट नै शान्तिको सही अर्थ साकार हुन्छ । शान्तिले समाजमा स्थिरता र सुरक्षा कायम गर्छ, जसले विकासका लागि आधार तयार गर्छ । विकास भनेको अर्थिक, सामाजिक, सांस्कृतिक प्रगति हो । जब कुनै देशमा शान्ति हुन्छ, त्यहाँका नागरिकलाई शिक्षा, स्वास्थ्य र रोजगारीका अवसरमा पहुँच हुन्छ, जसले विकासमा मद्दत गर्छ । विकासले पनि शान्तिलाई प्रोत्साहित गर्छ । जब मानिसलाई आर्थिक अवसर र सामाजिक सेवा उपलब्ध हुन्छन् उनीहरूमा स्वत: सन्तोष र सन्तुष्टिको मिठो अनुभव हुन्छ ।

समाजको सकारात्मक परिवर्तन अर्थात् विकास आममानिसको चाहना हो । यही आवश्यकतलाई परिपूर्ति गर्न दिगो शान्ति र विकासको माध्यमद्वारा वातावरणीय संरक्षण गर्दै नवीनतम् विज्ञान र प्रविधिद्वारा समुन्नत समाज निर्माणमा २१ औं शताब्दीको विश्व अघि बढिरहेको छ । यही मानवीय र सामाजिक आवश्यकतालाई परिपूर्ति गर्न हरेक वर्षको नोभेम्बर १० तारिखमा विश्वभरि शान्ति र विकासका लागि विश्व विज्ञान दिवस मनाइने गरिन्छ । आज पनि विश्वभर शान्ति र विकासका लागि विश्व विज्ञान दिवस मनाइँदैछ । समाजमा विज्ञानको महत्वपूर्ण भूमिका र वैज्ञानिक मुद्दाहरूको बहसहरूमा व्यापक जनता संलग्न गरी विज्ञानले हाम्रो दैनिक जीवनमा यसको महत्व र प्रासंगिकतालाई कसरी प्रभाव पार्दछ भनि बुझ्नको लागि संयुक्त राष्ट्र संघले यो दिवस मनाउन सुरु गरेको पाइन्छ । पछिल्लो समय वैज्ञानिक प्रगतिलाई उचित तरिकाले उपयोग गर्न नसकेकै कारणले विश्वका कतिपय मुलुकमा राजनीतिक भविष्य अन्यौलमा परेको छ । मुलुकको ध्रुवीकरण र विज्ञानको गलत प्रयोगले मानव अधिकारको हनन् र आतंकवादको श्रृंखला समेत बढेका छन् । यसका लागि शान्ति शिक्षा व्यक्तित्व तथा चरित्र निर्माणका लागि विद्यालय तहबाटै पाठ्यक्रम निर्माण गर्नुपर्छ । आज हाम्रो देश नेपालमा पनि शान्ति शिक्षासम्बन्धी पाठ्यक्रम राख्ने बहस नचलेको भने होइन, यो बहस बहसमा मात्र सीमित भएको छ । अहिलेको आवश्यकता विज्ञानसहितको शान्ति शिक्षा हो । तसर्थ शान्ति शिक्षाका लागि विद्यालयका विद्यार्थीहरूलाई शान्तिको मार्ग दिन सक्ने विज्ञानसहितको सशक्त पाठ्यक्रम बनाउने दिशामा सबैले सोच्न जरुरी छ ।

### Opinion @ Social Network

जो व्याक्तिको रिस आगो जस्तै हुन्छ, विश्वास् गर्नु त्यो व्याक्तिको मन सबै भन्दा कोमल हुन्छ ।

*(सुनिल परियारको* ***फेसबुक स्टाटसबाट*** *www.facebook.com/Sunilpariyar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# विदेशबाट मतदान कति संभव ?



## युवराज गौतम

मुलुकमा यतिबेला प्रतिनिधि सभा निर्वाचनको तयारी भइरहेको छ । आगामी फागुन २१ गतेका लागि तोकिएको निर्वाचनमा विदेशमा बस्ने नेपालीलाई कसरी सहभागी गराउनेभन्नेबारे व्यापक बहस छ । हुनत निर्वाचन लोकतन्त्रको महायज्ञ हो । यस्तो महायज्ञमा देशका सबै नागरिकको अनिवार्य सहभागिता आवश्यक ठानिन्छ । लोकतन्त्रको सुन्दरता भनेको पनि हरेक निर्वाचनमा हरेक नागरिकको समान सहभागिता हुनुपर्छ भन्ने हो । निर्वाचनमा कोही पनि नागरिक छुट्नुलाई न्यायिक मान्न सकिँदैन ।

किनकी नेपालमा राणा कालमै पनि प्रधानमन्त्री पद्मशमसेर राणाले 'म्युनिसिप्यालिटी'को निर्वाचन गराएका थिए र काठमाडौंबासीलाई मतदानमा सरिक गराएका थिए । अन्तर्राष्ट्रिय जगतमा आएको स्वाधीनता र स्वतन्त्रताको लहरबाट अलग हुन नसक्ने भएपछि राणाले मताधिकारको प्रयोग गराएका थिए । राणा कालमा विश्वमा लोकतन्त्रको लहर आइसकेकाले निर्वाचन अनिवार्य मानियो । त्यसैले त्यसबेला मताधिकारको प्रयोगबारे बसह सुरु भइसकेको तथ्य पाइन्छ । मताधिकारले धनी-गरीब, बर्ग, समुदाय केही भन्दैन । सबैको समान सहभागीता हुनुपर्छ भनिन्छ । शासन व्यवस्थाका लागि योग्य प्रतिनिधि चयन गर्न मतदानमा सबैको सहभागिता खोज्ने चलन छ ।

विशेषत यतिबेला बसहको विषय भने विदेशमा बस्ने करिब ६० लाख नेपालीलाई मताधिकार कसरी दिलाउने भन्ने हो । गैर आवसीय नेपाली संघ(एनआरएनए), राजनीतिक दल सम्बद्ध विदेशका भातृ संगठनहले विदेशमा बस्ने नेपालीहरुका निम्ती विशेषगरी नागरिकता र मताधिकारको विषयलाई जोडतोडले उठाइरहेका छन् । हुनत मत हाल्ने अधिकार नागरिकको मौलिक अधिकार हो यस विषयमा को नागरिक कुन भूगोलमा बस्छ भन्ने कुराले प्रभावित नहुनु पर्ने हो । किनकी पाँच वर्षअघि नै सर्वोच्च अदालतले कानुनी व्यवस्था गरी विदेशमा रहेका नेपालीलाई मताधिकार दिन निर्देशनात्मक आदेश दिइसकेको छ । अदालतको आदेश र नेपालको संविधानले व्यवस्था गरेको अधिकार विश्वभरका नेपाली नागरिकका लागि हर्षको विषय हो । तर, जब देशमा आवधिक निर्वाचनको प्रसंग चल्छ वा निर्वाचन नजिकिन्छ विदेशका नेपालीका लागि मताधिकारको बहस चर्किन्छ । निर्वाचन सकिन्छ, मताधिकारको कुरा सेलाउँछ । करिब डेढ दशकदेखि यही क्रम चलिरहेको छ निरन्तर ।

नेपालका सबै राजनीतिक दलले आफ्नो चुनावी घोषणा पत्रमा मताधिकारको मुद्दा प्राथमिकताका साथ उठाउने गरेका छन् । दलले चुनावी घोषणापत्रमा विदेशमा रहेका नेपालीलाई मतदानको अवसर दिने प्रस्ताव अनिवार्य ठानेका छन् । यस सन्दर्भमा विभिन्न निकायले उपयुक्त बाटो देखाइदिइरहेका छन् । जेनजी पुस्ताले पनि यस पटक मताधिकारको कुरा जोडतोडले उठाइरहेका छन् । तर, कानुनी जटिलता फुकाउने सवालमा अन्तरिम सरकारले कसरी काम गर्छ ? त्यो भने हेर्न बाँकी छ । हुनत नेपालको पहिलो आम चुनावमा नै विदेशमा रहेका नेपालीलाई मताधिकारको कुरा उठेको तथ्य पाइन्छ । वि.सं. २०१५ सालको चुनावमा कांग्रेस र कम्युनिष्टले आफ्नो घोषणापत्रमा 'प्रवासबाट भोटविदेशबाट मतदान कति संभव ? भनेर चुवानी प्रचार नै गरेका थिए । त्यसयता विश्वका एकसय बढी देशमा नेपाली पुगिसकेका छन् । ८७ देशमा एनआरएनए नै विस्तार भएको छ । यकिन तथ्यांक नभए पनि विश्वभर लगभग ६० लाख नेपाली बसोबास गर्छन् । ६० लाख नेपाली मताधिकारबाट बन्चित हुनु भनेको दुर्भाग्यपूर्ण कुरा हो ।

सर्वोच्च अदालतले निर्देशन जारी गरेको पाँच वर्ष वितिसक्दा पनि विदेशमा रहेका नेपाली नागरिकले निर्वाचनमा भाग लिन पाउने सम्भावनालाई विगतका सरकारले प्राथमिकतामा दिनै सकेनन् । निर्वाचन आयोग र सरकारले संभाब्यता अध्ययन मात्र गरेको छ । कानून बनाएर प्रक्रिया अघि बढाएको छैन । मताधिकारको प्रयोग त गर्ने तर कुन विधि प्रक्रियाबाट गर्ने भन्ने प्रष्ट छैन । किनकी नेपालमै सबै नागरिकलाई मतदानमा सरिक गराउन निर्वाचन आयोगलाई हम्मे परिरहेको छ । विदेशमा रहेका मतदाता मतदान गर्न तोकिएको स्थानमा पुग्छन वा जुनसुकै भुगोलबाट भए पनि मतदानमा सहभागी हुन्छन् भन्ने प्रश्न गम्भीर छ । विदेशको कुरा छाडौं स्वदेशमै रहेका कति मतदाता मत खसाल्न जान्छन वा निर्वाचनमा सहभागी हुन्छन्, यो अध्ययनको विषय हो ।

### अहिलेसम्मको प्रयास

विदेशमा रहेका नेपाली नागरिकलाई मताधिकार प्रदान गर्ने सवालमा शीर्ष राजनीतिक दल सैद्धान्तिक रुपमा गम्भीर देखिन्छन् । सरकारले पनि यस विषयमा विभिन्न छलफलहरु चलाइरहेको छ । मतदान गर्ने काम संवेदनशील भएकाले कुन विधि र प्रक्रिया अपनाउने भन्नेमा अन्योल छ । जहाँ इच्छा त्यहाँ उपाय भनेजस्तो यसमा असम्भव भने पक्कै छैन । मात्र इच्छाशक्तिको खाँचो छ । २०३६ सालको जनमतसंग्रहमा सरकारले विदेशमा रहेका नेपालीरुलाई मतदान प्रक्रियामा सहभागी गराएको इतिहास छ । त्यो नजिर आजका लागि सान्दर्भिक हुनसक्छ। त्यसबेला भारत, अष्ट्रेलिया, जापान, बेलायत र अमेरिका र एसियाको केही देश गरी नौवटा देशमा रहेको नेपालीहरूले विदेशबाट मतदान गरेका थिए । नेपालका ट्रेड युनियन संस्थाहरुले विदेशमा बसोबास गर्दै आएका नेपालीलाई मतदान प्रक्रियामा सहभागी गराउन आधा दर्जन प्रतिवेदन सरकारलाई बुझाइसकेको तथ्य छ । निवर्तमान संसदको अन्तर्राष्ट्रिय श्रम व्यवस्थापन समितिको संसदीय टोलीले २०७२ सालमा खाडी मुलुक र मलेसियासहितका अन्य देशमा रहेका नेपालीहरुलाई कसरी मतदान प्रक्रियामा सहभागी गराउन सकिन्छ भनी अध्ययन गरेर सरकारलाई बुझाइसकेको छ ।

निर्वाचन आयोगले पनि २०६९ साल र त्यसपछिका बर्षहरुमा पटक पटक विभिन्न देशमा पुगेर अध्ययन गरेर प्रतिवेदन सरकारलाई बुझाइसकेको छ। ति अध्ययनहरुको निष्कर्ष मताधिकार तत्काल संभव नभएको र प्रक्रिया कठिन भएको यद्यपी प्रयास जारी राख्नुपर्ने भन्ने थियो। यता, राजनीतिक दलहरु निर्वाचनसम्बन्धी एकीकृत ऐन र नियमावली जारी गरी मताधिकार प्रदान गर्नुपर्ने पक्षमा छन् । तर प्रक्रिया अघि बढाउन सबै निकाय तइँ चुप, मैं चुपको अवस्थामा छन् । कानून निर्माण गर्न र रणनीति बनाउन सबै निकाय चुपचाप छन्। कारण, विदेशमा रहेका नागरिकलाई मतदानमा सहभागी गराउने विषय सामान्य होइन । गम्भीर र संवेदनशील बिषय हो । कानूनी, व्यवहारिक र आर्थिक व्ययभारको समस्याहरु प्रशस्त छन् ।

### मताधिकारको संभावना

विदेशमा बस्ने नेपालीहरुका लागि मतदानको व्यवस्था मिलाउने विषय बढी झन्झटिलो छ । तत्कालीन अवस्थामा नेपाली दूतावास र नियोगमा मतदान केन्द्र स्थापना गरिएमा बाहेक विदेशमा रहेका नेपालीले निर्वाचनमा भाग लिन पाउने अवस्था देखिँदैन । नेपालीहरु छरिएर रहेका करिब १ सय ४० देश सबैमा नेपाली दूताबास वा नियोगहरु स्थापना भएका छैनन् । त्यसो हुँदा विश्वभरका सबै नेपालीले मतदानको अधिकार प्रयोग गर्छन भन्नेमा ग्यारेन्टी छैन ।

कतिपयले हुलाकमार्फत मतदान, दूतावास तथा कन्सुलरको कार्यालयमा मतपेटिका राखेर गरिने मतदान, कोडको प्रयोग गरेर मोबाइलबाट गरिने मतदान, आइ-भोटिङ (इन्टरनेटमा आधारित मतदान)लगायतका विकल्पहरु भए पनि विश्वसनीय नहुने, खर्चिलो हुने र मतदाताहरुको सहभागीता नहुने चुनौतिहरु थपिएका छन् । विकासोन्मुख देशहरुले विदेशमा रहेका आफ्ना नागरिकहरुलाई मताधिकार दिन सकेको तथ्य न्यून मात्र पाउन सकिन्छ । कतिपय देशले प्रक्रिया नै स्थगित गरेका छन् । एकाध बाहेक अधिकांश विकासशिल देशहरुले पनि मताधिकारका सवालमा त्यति चिन्तित भएको पाइँदैन ।

### प्रक्रिया जटिल

मतदान वा मताधिकारका लागि विभिन्न विकल्पहरु रहे पनि तत्कालै नेपालले ति विकल्पहरुको अंगाल्न सक्ने परिस्थिति देखिएको छैन । मतदाता नामावली संकलन देखि आधिकारिक कागजपत्र व्यवस्थापनका सवालमा पनि थुप्रै जटिलताहरु देखिएका छन् । किनकी गैर आवसीय नेपालीहरुलाई नागरिकता प्रदान गर्ने विषय नै थातीको अवस्थामा छ । यी सबै विषयका लागि प्रथमत: राष्ट्रिय नीति आवश्यक पर्छ। हचुवामा प्रक्रिया अघि बढाउँदा बीचैमा दुर्घटना निम्तिने खतरा पनि देखिन्छ । क्षेत्राधिकारका सवालमा पनि प्रष्ट हुनु जरुरी छ । मतदान अधिकार स्थानीय तह, प्रदेश सभा र संघीय संसदमध्ये कुन विदेशबाट मतदान कति संभव ? कुनमा दिने भन्ने प्रस्ट हुनुपर्ने देखिएको छ । प्रदेश वा संघीय संसद, समानुपातिक मात्रै कि प्रत्यक्ष निर्वाचनको अधिकारका विषयमा स्पष्ट भइ सोही अनुरुपको मतपत्रको व्यवस्था गर्न निर्वाचन आयोग सक्षम छ कि छैन भन्ने विषय प्रधान बन्नसक्छ । सम्बन्धित देशको स्वीकृती लिने सवालमा पनि ठूला चुनौतिहरु देखिएका छन् ।

कतिपयदेशमा निर्वाचनकै अधिकार नभएकाले यस्तो अवस्थामा नेपालीहरुका लागि कसरी व्यवस्थापन गर्न सकिन्छ, त्यसको अध्ययन हुनु जरुरी छ । मताधिकार कसलाई र के कागजातका आधारमा दिने भन्ने विषय थप पेचिलो बनेको छ । विभिन्न प्रकृतिका नेपालीमध्ये विद्यार्थी, कामदार, पिआरवाला, सम्बन्धित देशको नागरिकता लिइसकेका नेपाली साथै अवैध रुपमा बसोबास गरिरहेका सवालमा के गर्ने भन्ने विषय गम्भीर छ । मतपेटिकाको सुरक्षा र जनशक्ति व्यवस्थापन झनै कठिन देखिन्छ । सबै देशमा कर्मचारी व्यवस्थापन गर्न सरकारको ढुकुटीले धान्न नसक्ने प्रष्ट छ । निर्वाचन अनुगमन तथा पर्यवेक्षण, मतदाता शिक्षा आदीको सवाल थप जटिल देखिएको छ । साथै सबैभन्दा ठूलो समस्या भनेको आर्थिक व्यवस्थापन देखिन्छ ।

विदेशमा मतदानको व्यवस्था मिलाउने कुरा शून्यदेखि सुरु गर्नुपर्छ । त्यसका लागि निर्वाचन आयोगले कानुन संशोधनलाई पहिलो प्राथमिकतामा राख्नुपर्छ । निर्वाचन गराउन र मताधिकार दिने सवालमा आयोगसमक्ष एकै पटक सबै देश र स्थानमा मतदानको व्यवस्था गर्न प्राविधिक र व्यवस्थापकीय जटिलता देखा परेका छन् । व्यवस्थापकीय, सञ्चालन, राजनीतिक, नीतिगत र सुरक्षाको विषय प्रमुख चुनौती छन् ।

नामावली दर्ता र अन्तिम नामावली प्रकाशनको अर्को जटिलता छ । कूटनीतिक नियोगमा जनशक्तिको अभाव र गैरआवासीय नेपाली संघमा देखिएको विभाजनको अवस्थाले स्रोत जुटाउन अर्को चुनौति देखिने प्रष्ट छ । यि सबै जटिल ता र चुनौतिसँग जुधेर मताधिकार दिलाउन आयोगले तत्कालै एक्सन लिनुपर्छ ।

***-डिसी नेपाल***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आत्मबलमा वृद्धि हुनेछ । लाभ उठाउन सकिनेछ । | **तुला** : सामाजिक कार्यमा संलग्न भइएला । अध्ययन अध्यापनमा मन लाग्नेछ । |
| **बृष** : आफन्तहरूको साथ र सहयोग पाइएला । सफलता मिल्नेछ । | **बृश्चिक** :बुद्धि र श्रम खर्च गर्नुपर्ला । वैदेशिक रोजगारमा सफलता मिल्नेछ। |
| **मिथुन** :संघर्ष गर्नुपर्ला । विषयवस्तु नबुझी कुनै कुरामा अगाडि नबढ्नुहोस् । | **धनु** : अरुको उपकार गर्न सकिनेछ। जीवनसाथीको सहयोग मिल्नेछ। |
| **कर्कट** : आलस्यले गर्दा कार्यमा बाधा आउला । सावधान रहनुहोस् । | **मकर** : कामबाट लाभ मिल्नेछ। नयाँ कुरा सिक्ने अवसर मिल्नेछ। |
| **सिंह** : कार्यक्षेत्रमा सहयोग मिल्नेछ । आन्तरिक सम्बन्धमा मधुरता आउनेछ। | **कुम्भ** :प्रतिस्पर्धामा विजयी भइनेछ। मान्यजनहरूको साथ मिल्नेछ |
| **कन्या** : अरूको भरमा ढुक्क नपर्नुहोस् । लक्ष्य प्राप्तिको लागि मेहनत गर्नुहोला । | **मीन** : सकारात्मक सोचको साथ अगाडि बढ्नुहोस् सफलता मिल्नेछ। |

## शिक्षा

# के गर्दैछन् शिक्षामन्त्री मन्त्री पुन ?

**काठमाडौं,** गणतन्त्र आएपछि देशले पहिलोपटक मन्त्रालयमै डेरा जमाएर काममा खटिने मन्त्री पाएको छ । विज्ञान, प्रविधि र नवप्रवर्तनका नारा गुञ्ज्याउँदै महावीर पुनले असोज ६ गते शिक्षा मन्त्रीको पदभार सम्हालेपछि सिंहदरबारले अब सुत्ने बेलामा पनि फाइल पल्टाउने आवाज सुन्ने गरेका छ । 'म काममा लागेपछि फत्ते नगरि उठ्दिन,' भनेर उनले घोषणा गरेपछि मन्त्रालयले बिस्तारादेखि भाँडा-कटोरीसम्मको व्यवस्था गर्नुपर्‍यो ।

सिंहदरबार अब मन्त्रीकै निवास पनि हो, अफिस पनि हो, र सम्भवत: क्यान्टिन पनि हो ।मन्त्री पुनका अनुसार देश परिवर्तन गर्न समय कम छ, त्यसैले उनले उद्घाटन र भाषणबाट निवृत्ति लिए । तर फेसबुकबाट भने स्थायी सदस्यता लिन छुटाएनन् । त्यहाँ उनले लेखे, 'मलाई मन्त्री नभन्नु होला, जरुरी परे 'कबाडी वैज्ञानिक मन्त्री' भन्नु होला ।' जनताले पनि खुशीसाथ स्वीकारे, आखिर सादा जीवन, उच्च व्यङ्ग्य 'तर मन्त्रालयमै बस्ने मन्त्रीको छोरी भने बंगलादेशमा एक करोड तिरेर एमबीबीएस गर्दैछिन् भन्ने खबर आयो । जनताले सोचे, 'ठिकै त हो, बाबु मन्त्रालयमा अध्ययन गर्दैछन्, छोरी मेडिकलमा ।'

एक महिनाभित्रै मन्त्री पुनले शिक्षा क्षेत्रमा 'फाइलगत तुफान' ल्याए । सीटीईभीटीका जलेका उत्तरपुस्तिका देखेर उनले भन्न भ्याए 'म पुन: परीक्षा लिन्छु ।' जलेका उत्तरपुस्तिकाबाट पनि पुनर्जन्म हुने उदाहरण हो यो ।प्रधानाध्यापक चयन अब राजनीतिक दरबारबाट होइन, कार्यविधिको लटरीबाट हुनेछ । शिक्षक सरुवामा अपाङ्ग शिक्षकहरूलाई सहज ठाउँ, पाठ्यक्रममा नैतिकता र संविधान, अनि कम्प्युटर विषय १०० पूर्णाङ्कको हुने व्यवस्था गर्ने उनको संकल्प छ । यस्ता महत्वकांक्षी योजनाले नेपाल अब नैतिक र डिजिटल दुवै बन्ने अपेक्षा पनि गर्न सकिन्छ ।

विद्यालयमा योग, जीवन विज्ञान र विपद् व्यवस्थापन पनि अनिवार्य हुने भएको छ । विद्यार्थीहरूले अब गणितको डरसँगै ध्यानधारण पनि गर्न पाउनेछन् । यस्तो योजना मन्त्री पुनकै हो । विश्वविद्यालयतर्फ प्रधानमन्त्रीलाई कुलपति पदबाट हटाउने गृहकार्य शुरू भएको छ । देशमा पहिलोपटक प्रधानमन्त्रीले पनि 'अब म कुलपति होइन् भन्ने स्थिति आउने सम्भावना 'तर कानूनले भने,'अहिले होइन, चुनावपछि' भनेकाले केही असहज पैदा गराएको छ ।त्रिवि र सुदूरपश्चिम विश्वविद्यालयका जग्गा अतिक्रमणका मुद्दामा समिति गठन भए । समितिले अर्को समितिलाई प्रतिवेदन बुझायो र अर्को समितिले पनि अर्को रिपोर्ट बनाउने तयारीमा छ । मन्त्री पुनले सबैभन्दा चर्चित निर्णय पनि लिए । त्यो हो(तलब, भत्ता, सुविधा केही नलिने । देशको इतिहासमा पहिलोपटक मन्त्रीले सिंहदरबारलाई 'स्वयंसेवी संस्थाको रूपमा प्रयोग गरेर उदाहरण बनेका छन् । महावीर पुन अहिले सिंहदरबारका 'इन( हाउस इनोभेटर'हुन् । फाइलको पाना सँगै उनी पनि पल्टिन्छन्, र फत्ते नहुन्जेल उठ्दैनन् । कसैले उनलाई मन्त्री भनिदिए रिस उठ्छ, तर 'कबाडी वैज्ञानिक मन्त्री' भने भने मुस्कुराउँछन् शायद त्यो पनि नयाँ अनुसन्धानको भाग होला ।

**मन्त्री पुनले महत्वपूर्ण निर्णय**

१. सीटीईभीटीका सम्बन्धमा

सीटीईभीटीको सम्बन्धमा यो अवधिमा विभिन्न निर्णय भएका छन् । जेनजी आन्दोलनका क्रममा परिषद्का करिब १० प्रतिशत उत्तर पुस्तिका जलेर नष्ट भएका थिए । त्यसकारण कोशी र बागमती प्रदेशका उत्तर पुस्तिका जलेको अवस्थामा यसलाई के गर्ने भन्ने अन्योल थियो । विद्यार्थीले त्यत्तिकै मूल्यांकन गर्ने माग गर्दै आएका थिए । तर त्यत्तिकै मूल्यांकन गर्न नमिल्ने भन्दै मन्त्री पुनले पुन: परीक्षा लिने निर्णय गरेका थिए । यसका लागि एक करोड ७५ लाख रुपैयाँ खर्च हुने भन्दै यसको व्यवस्था गरिएको र परीक्षा केन्द्र भने सम्बन्धित क्षेत्रमै सञ्चालन हुने उनले बताए ।यस्तै, सीटीईभीटीको सम्बन्धनमा देखिएका समस्या समाधान गर्ने निर्णय गरिएको छ । २०५९ सालदेखि चार सय ४२ वटा निवेदन परेको तर अघि नबढेको अवस्था थियो । अब कुनै अनियमितता नहुने गरी निष्पक्ष रूपमा सम्बन्धन दिने सम्बन्धमा कार्यदल गठन गरिएको छ । उक्त कार्यदललाइ दुई महिनाभित्र निवेदनउपर छानबिन गरी सम्बन्धनबारे टुङ्गाो लगाउन जिम्मा दिइएको छ । त्यस्तै नेपालका लागि मध्यम स्तरीय टेक्नीसीयन उत्पादन गर्ने सीटीईभीटीको पुनर्संरचना गर्न छुट्टै कार्यदल गठन गरिएको मन्त्री पुनले जानकारी दिए ।

**२. विद्यालय तथा पाठ्यक्रमसम्बन्धी निर्णय**

विद्यालय शिक्षाको सम्बन्धमा यो अवधिमा ५ वटा निर्णय भएका छन् । पुन मन्त्रीमा नियुक्ति भएलगत्तै शिक्षकहरूको तलब रोकेको गुनासो आएको थियो । संघबाट गएको रकम स्थानीय तहले रोकेको पाइएपछि छानबिन अगाडि बढाइएको छ । विभिन्न विद्यालयहरूमा प्रधानाध्यापक चयनमा लागि कार्यविधि निर्माण थालिएको छ । यसले राजनीतिक दबाबको आधारमा जथाभाबी रूपमा प्रधानाध्यापक चयन गर्ने कार्यमा नियन्त्रण हुने उनले बताए । शिक्षक सरुवाको सम्बन्धमा कार्यविधि परिमार्जनको निर्णय भएको छ । अपाङ्ग र बिरामी शिक्षकहरूलाई सजिलो ठाउँमा सरुवा गर्न सकिने व्यवस्था गर्नेगरी यस्तो कार्यविधि परिमार्जन गरिएको हो । पाठ्यक्रमलाई समयसापेक्ष बनाउन पाठ्यक्रम विकास केन्द्रलाई परिचालन गरिएको छ । नैतिक शिक्षा, पूर्वव्यावसायिक शिक्षा, इतिहास र संविधानका विषयहरूलाई समावेश गर्ने निर्णय भएको छ । विद्यालयमा हुने अतिरिक्त क्रियाकलापसम्बन्धी गाइडलाइन बनाउने निर्णय भएको छ । योग, जीवन विज्ञान, विपद् व्यवस्थापन लगायत पाठ्यक्रममा समावेश गर्न नसकिने विषयहरू अतिरिक्त क्रियाकलापको गाइडलाइन बनाएर अनिवार्य रूपमा लागू गर्ने निर्णय भएको छ । माध्यमिक तहसम्म कम्प्युटर विषयलाई १०० पूर्णांकको विषयको रूपमा थप गर्ने निर्णय मन्त्री पुनले गरेका छन् । दुर्गमका विद्यार्थीहरूलाई समेत कम्प्युटरमा साक्षर बनाउन शिक्षक दरबन्दी थप गर्ने र लाइसेन्सको व्यवस्था गरिने निर्णय समेत उनले गरेका छन् ।

**३. उच्च शिक्षा तथा विश्वविद्यालयसम्बन्धी निर्णय**

विश्वविद्यालयहरूलाई राजनीतिकरणबाट मुक्त राख्न पुनले पहल गरेका छन् । यसका लागि कुलपतिको भूमिकाबाट प्रधानमन्त्रीलाई हटाउने गृहकार्य शुरू गरिएको छ । यसको विकल्पमा बोर्ड अफ टूस्टी गठन गर्ने र सोही टूष्टीमार्फत् निष्पक्ष रूपमा कुलपति चयन प्रक्रिया सुरु गर्ने कानूनी कदम चाल्ने तयारी गरिएको छ । यद्यपि यसका लागि कानून नै संशोधन गर्नुपर्ने र तत्काल अध्यादेश ल्याउन सम्भव नभएकोले यो निर्वाचनपछि मात्रै सम्भव हुने उनले बताए । यस्तै विश्वविद्यालयमा भागबन्डा नमिल्दा खाली रहेका सिनेट लगायतका पदहरूमा पदपूर्ति गर्ने काम भइरहेको मन्त्री पुनको भनाइ छ । विश्वविद्यालयमा परीक्षाफल प्रकाशन गर्न नौं महिनासम्म लाग्ने अवस्था सुधार गर्दै तीन महिनाभन्दा बढी ढिलासुस्ती गर्ने विभागको अनुदान रोक्का गर्नेगरी व्यवस्था गर्ने निर्णय भएको मन्त्री पुनले बताए । त्रिभुवन विश्वविद्यालय र सुदूरपश्चिम विश्वविद्यालयको जग्गा अतिक्रमण भएको उजुरीमा छानबिन समितिहरू गठन गरिएको छ । मन्त्रालयले सुल्झाउन नसके अख्तियारमा पठाइनेछ ।केही दिनअघि मात्रै त्रिभुवन विश्वविद्यालयको जग्गा खोजबिन गर्न बनेको समितिले प्रतिवेदन बुझाएको थियो । त्यस्तै त्रिवि परिसरमा जग्गा अतिक्रमण हटाएर पार्क निर्माणको काम शुरू गरिएको छ ।

**४. संस्थागत सुधार र व्यवस्थापन**

यो अवधिमा देशको आर्थिक विकास र नवप्रवर्तनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई विभाजन गरी विज्ञान तथा प्रविधि, अनुसन्धान र नवप्रवर्तनका लागि बजेटसहितको छुट्टै र बलियो मन्त्रालय बनाउने पहल शरू भएको मन्त्री पुनले जानकारी दिए । मन्त्री पुनले आफ्नो कार्यकालमा मन्त्रालयबाट कुनै पनि तलब, भत्ता वा अन्य खर्च सुविधा नलिने घोषणा गरेका छन् ।

# दलहरूका संगठनलाई मान्यता नदिइने

**काठमाडौं,** शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयले विभिन्न राजनीतिक दलका नियमावलीमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भातृ संगठन वा शुभेच्छुक संस्थाका रूपमा उल्लेख गरिएका शिक्षक, प्राध्यापक तथा कर्मचारीका विभिन्न संघसंगगठनहरूलाई मान्यता नदिने निर्णय गरेको छ । पेशागत हकहित र अधिकार प्राप्तिको लागि सौदाबाजी गर्न स्थापना भएका नेपाल शिक्षक महासै तथा नेपाल शिक्षक महासैसँग आबद्धता लिएका पेशागत संगठनहरू र विश्वविद्यालयका प्राध्यापक तथा कर्मचारीका पेशागत संघसंगठनहरू पेशागत कर्तव्य, नैतिक दायित्व र पेशागत आचरण विपरीत राजनीतिक गतिविधिहरूमा संलग्न भएको र उक्त कारणले शैक्षिक गुणस्तर खस्किँदै गएको भनी व्यापक जनगुनासो प्राप्त भएको सन्दर्भमा मन्त्रालयले यस्तो निर्णय गरेको हो ।मन्त्री पुनद्वारा आइतबार हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ। शिक्षक/कर्मचारीको पेशागत हकहितका साथै उनीहरूको संविधान प्रदत्त हक अधिकार अभ्यासको सदैव सम्मान गर्दछ र उक्त हकअधिकारको प्रयोग र संरक्षणबारे संवेदनशील पनि रहेकोले शिक्षक महासै, प्राध्यापक सै लगायत शिक्षा क्षेत्रमा क्रियाशील सै संगठनहरूलाई गैर राजनीतिक चरित्रको स्वतन्त्र र व्यावसायिक प्रकृतिको बनाउने प्रयोजनार्थ सोही बमोजिमको कानुनी प्रबन्धसहित पुनर्गठन गर्न आह्वान गर्दछु ।

# असल शिक्षक : आत्माको ज्योति बनेर समाज उज्यालो पार्ने गुरु

**झुपा धामी**

शिक्षक एउटा साधारण शब्द होइन । यो शब्दभित्र गहिरो अर्थ, सामाजिक उत्तरदायित्व र आत्मिक दर्शन लुकेको छ । शिक्षक भन्नाले केवल किताबका अक्षर पढाउने व्यक्ति होइन, बरु जीवनका गहिरा अर्थ बुझाउने, चेतनाको द्वार खोल्ने, र अन्धकारमा दिशाको संकेत दिने मार्गदर्शक हुन् ।

शिक्षकले केवल मस्तिष्क होइन, हृदय पनि शिक्षित बनाउँछन् । उनीहरूले केवल अक्षर होइन, मूल्य, विचार, दृष्टिकोण र चरित्रको निर्माण गर्छन्। त्यसैले शिक्षक मानव सभ्यताको साँचो निर्माता हुन् ।तर समयको गतिसँगै शिक्षण पेसाको मूल आत्मा क्षय हुँदै गएको देखिन्छ । समाजले शिक्षकप्रतिको श्रद्धा गुमाउँदैछ, विद्यार्थीले शिक्षकप्रतिको भरोसा घटाउँदैछन् र शिक्षक स्वयं पनि आफ्नो 'गुरु' पहिचानबाट बिस्तारै टाढा भइरहेका छन् । आजको समयमा धेरै शिक्षकहरू राजनीतिक संगठन, संघ र दलका नजिक भएर शिक्षाको धर्म बिर्सिरहेका छन् । उनीहरू दलगत आदेश र स्वार्थको खेलमा फँस्दैछन् । परिणामस्वरूप शिक्षाको मूल उद्देश्य( चरित्रवान्, सचेत, र सृजनशील नागरिक उत्पादन गर्ने कार्य) दुर्बल हुँदै गएको छ । तर यो पतनको कथा अन्त्य होइन । समाधान पनि यहीं छ( जब शिक्षक फेरि आफ्नो गुरु(धर्ममा फर्किन्छन्, जब उनीहरूले शिक्षणलाई पेसा होइन, पवित्र आह्वानका रूपमा ग्रहण गर्छन्, तब नै शिक्षा र समाज दुवै पुनर्जीवित हुन्छन् । असल शिक्षक बन्ने बाटो कठिन छ, तर असम्भव होइन । शिक्षकको अस्तित्व केवल कक्षा कोठासम्म सीमित हुँदैन । उनीहरूको भूमिका राष्ट्रको नैतिक, सामाजिक र बौद्धिक मेरुदण्डका रूपमा फैलिएको हुन्छ । जब शिक्षक निष्पक्ष, इमानदार र निष्ठावान् हुन्छन्, तब विद्यार्थीको मनमा शिक्षाप्रतिको श्रद्धा बस्छ । तर जब शिक्षक स्वार्थ, राजनीतिक प्रभाव र अनैतिक लाभमा रमाउन थाल्छन्, तब विद्यार्थीको चेतना पनि विकृत हुन्छ । आजको युगमा शिक्षण मिसन होइन, धेरैका लागि पेसा, कहिलेकाहीँ पद र प्रभावको साधन बनेको छ । यसले शिक्षाको मूल दर्शन('सत्यमेव जयते' लाई कमजोर बनाएको छ । असल शिक्षकको पहिलो पहिचान उनको स्वतन्त्रता र विवेक हो । शिक्षकको सोच कुनै दल, धर्म वा प्रवृत्तिले नियन्त्रण गर्न मिल्दैन । उनी स्वतन्त्र चेतनाका प्रतिनिधि हुन् । जसरी दीपकले प्रकाश फैलाउँछ तर आगोले उसको आधार जलाउन सक्दैन, त्यस्तै शिक्षकले समाजलाई ज्ञानको उज्यालो दिन्छन् तर अन्धो निष्ठा र स्वार्थले उनलाई जलाउन पाउँदैन । दुर्भाग्यवश, अहिले धेरै शिक्षकहरू यस्ता दलगत संघ-संगठनमा आबद्ध भएका छन्, जसले उनीहरूको स्वतन्त्र विवेकलाई नष्ट गर्दैछ । उनीहरूले आफूलाई शिक्षाको सिपाही होइन, दलका कार्यकर्ता बनाएका छन् । असल शिक्षकले यस्तो अन्धकारमा पनि प्रकाश फैलाउँछन् । उनी राजनीतिक दबाबभन्दा माथि उठ्छन्, सत्य र न्यायका पक्षमा अडान लिन्छन् ।जब शिक्षकको कलम राजनीतिक आदेशको अधीनमा चल्छ, तब शिक्षा मृत हुन्छ । विद्यालय र विश्वविद्यालयहरू ज्ञानको मन्दिर होइन, प्रचारका केन्द्र बन्न पुग्छन् । शिक्षकहरू नीतिगत नि र्णयहरूमा आफ्नो स्वार्थका आधारमा आवाज उठाउँछन्, विद्यार्थीहरू विभाजनमा तानिन्छन्, र शिक्षालयहरूको आत्मा दिशाहीन हुन्छ । यस्तो अवस्थामा शिक्षा केवल डिग्री उत्पादनको माध्यम बन्छ, विचार उत्पादनको होइन । तर असल शिक्षकले यस्तो अन्धकारमा पनि प्रकाश फैलाउँछन् । उनी राजनीतिक दबाबभन्दा माथि उठ्छन्, सत्य र न्यायका पक्षमा अडान लिन्छन् । उनी विद्यार्थीका आँखा खोल्छन् ताकि विद्यार्थीहरू सोच्न, प्रश्न गर्न र आफ्नो विवेक प्रयोग गर्न सिकून् । असल शिक्षक कुनै विचारको अनुयायी होइन, ज्ञानको साधक हुन्छ । उनीहरूले सिकाउँछन्, सत्यलाई खोज्नु, प्रश्न गर्नु र अनुभव गर्नु शिक्षा हो- अनुकरण गर्नु होइन ।

असल शिक्षकको अर्को पहिचान हो- मानवता र संवेदनशीलता । उनी विद्यार्थीलाई केवल अंकद्वारा होइन, अनुभूतिद्वारा मापन गर्छन् । असल शिक्षकले बुझ्छन्। विद्यार्थी केवल पाठ्यपुस्तक पढ्नका लागि विद्यालय आउँदैन, ऊ जीवनको उत्तर खोज्न आउँछ । त्यसैले शिक्षकले पाठको व्याख्या मात्र होइन, जीवनको व्याख्या पनि गर्नुपर्छ । शिक्षकको बोली, हाउभाउ र व्यवहार विद्यार्थीको फदयमा बस्छ । साँचो शिक्षकले आफूलाई कहिल्यै 'श्रेष्ठ' ठान्दैन, बरु 'सेवक' ठान्छ विद्यार्थीको सम्भावनालाई उजागर गर्ने सेवक । अहिलेको समय भौतिक प्रगतिले भरिएको छ । तर आत्मिक शून्यताले पनि । प्रविधि र आधुनिकताले मानिसलाई सजिलो जीवन त दिएको छ, तर संवेदना, नैतिकता र सरलता हराउँदै गएको छ । यस्ता अवस्थामा शिक्षकले केवल पाठ पढाउने होइन, मूल्य सिकाउने जिम्मेवारी पनि लिनुपर्छ । शिक्षकले विद्यार्थीलाई प्रतिस्पर्धा मात्र होइन, सहकार्य पनि सिकाउनुपर्छह उपलब्धि मात्र होइन, नैतिकता पनि सिकाउनुपर्छ । शिक्षाको गहिरो अर्थ हो ।जीवनका हरेक कठिनाइमा नैतिक बलले उभिन सक्ने नागरिक तयार गर्नु ।अब प्रश्न उठ्छ । जब शिक्षक राजनीतिक प्रभाव, व्यक्तिगत स्वार्थ र पेसागत विकृतिबाट ग्रस्त छन्, तब उनीहरू कसरी 'गुरु' बन्न सक्छन् ?तर यो सम्भव तब मात्र हुन्छ जब शिक्षक स्वयं आत्मानुशासित, इमानदार र आत्मविश्लेषी हुन्छ । शिक्षकको आत्म-सुधार नै शिक्षाको सुधार हो । जो शिक्षक अध्ययनमा निरन्तर रहन्छ, नयाँ विचार र विधि सिक्छ, र आफूलाई अद्यावधिक राख्छ, ऊ विद्यार्थीका लागि साँचो आदर्श बन्छ । तर जो शिक्षक स्थिर सोचमा बाँधिन्छ, राजनीति र स्वार्थमा रमाउँछ, ऊ शिक्षा प्रणालीका लागि चुनौती बन्छ । असल शिक्षकले हरेक दिन आफ्नो शिक्षण पद्धति, आचरण र उद्देश्यबारे आत्म(समीक्षा गर्नुपर्छ)'के म विद्यार्थीमा प्रश्न गर्ने क्षमता जगाइरहेको छु वा केवल रटाउने संस्कार दोहोराइरहेको छु ?' शिक्षक बन्नु भनेको सिप सिक्नु मात्रै होइन, आत्मा परिष्कृत गर्नु हो । असल शिक्षकले आफ्नो जीवनलाई नै शिक्षणको प्रयोगशाला बनाउँछ । उनले आफ्ना गल्तीहरूलाई स्वीकार गर्छन्, सिक्छन्, सुधार गर्छन् । यस्तो आत्म-जागरूकता बिना शिक्षकले केवल जानकारी दिन सक्छ, तर प्रेरणा दिन सक्दैन । विद्यार्थीलाई ज्ञान चाहिँ पुस्तकले दिन सक्छ, तर दृष्टि शिक्षकले मात्र दिन सक्छ ।अब प्रश्न उठ्छ- जब शिक्षक राजनीतिक प्रभाव, व्यक्तिगत स्वार्थ र पेसागत विकृतिबाट ग्रस्त छन्, तब उनीहरू कसरी 'गुरु' बन्न सक्छन् ? यसको उत्तर आत्म-परिवर्तनमा निहित छ । शिक्षकहरूले फेरि आफ्नो पेसालाई 'धर्म' का रूपमा स्वीकार गर्नुपर्छ, जहाँ शिक्षण केवल रोजगारी होइन, राष्ट्र निर्माणको जिम्मेवारी हो । शिक्षकले आफ्नो कार्यलाई पवित्र सेवाको रूपमा लिनुपर्छ- जहाँ मुख्य उद्देश्य विद्यार्थीमा मानवीय चेतना जगाउनु हो, न कि पद वा शक्ति प्राप्त गर्नु । शिक्षक फेरि असल गुरु बन्नका लागि केही अनिवार्य मूल्यहरू पुनर्स्थापित गर्नुपर्छ । पहिलो- निष्पक्षता । शिक्षकले सबै विद्यार्थीलाई समान दृष्टिले हेर्नुपर्छ, जात, धर्म, राजनीति वा वर्गका आधारमा फरक व्यवहार गर्नु शिक्षाको आत्मा हत्या गर्नु हो । दोस्रो-इमानदार हुनु । शिक्षकले आफ्नो कार्यप्रति उत्तरदायी र निष्ठावान् हुनुपर्छ, चाहे निगरानी होस् वा नहोस् । तेस्रो-आत्मानुशासन । शिक्षक स्वयं अनुशासनबद्ध नभए विद्यार्थीले अनुशासन सिक्दैन । चौथो-सहानुभूति र मानवता । शिक्षकले विद्यार्थीको समस्या बुझ्न र त्यसको समाधानमा साथ दिनुपर्छ । र पाँचौं-आदर्श प्रस्तुत गर्ने क्षमता । असल शिक्षकले उपदेश होइन, उदाहरण दिनुपर्छ ।जब यी पाँच मूल्यहरू शिक्षकको जीवनमा जरा गाड्छन्, तब उनी केवल शिक्षक हुँदैनन्- गुरु बन्छन् । गुरु भनेको त्यो हो, जसले केवल ज्ञान दिँदैन, आत्मा उज्यालो पार्छ । जसले केवल मस्तिष्क होइन, फदय पनि शिक्षित बनाउँछ ।शिक्षकको प्रभाव पीढी-पीढी पार गर्छ । आजका शिक्षकले जस्तो सोच राख्छन्, भोलिका नागरिक त्यसै अनुसार सोच्नेछन् । यदि शिक्षक इमानदार छन् भने समाज सत्यवादी हुन्छह यदि शिक्षक निष्पक्ष छन् भने न्याय बलियो हुन्छह यदि शिक्षक देशभक्त छन् भने राष्ट्र सबल हुन्छ । शिक्षकको हरेक बोली, व्यवहार र निर्णयले भविष्य निर्माण गर्छ । त्यसैले शिक्षकको जिम्मेवारी केवल आफ्नो कक्षासम्म सीमित छैन- उनीहरूको प्रभाव सम्पूर्ण राष्ट्रको भविष्यमा प्रत्यक्ष पर्छ ।

अन्तत:, शिक्षक नै समाजको आत्मा हुन् । उनीहरू बिना शिक्षा दिशाहीन हुन्छ, र शिक्षा बिना समाज निर्जीव हुन्छ ।शिक्षकको सम्मान पुनर्स्थापित गर्न हामीले शिक्षकलाई मात्र होइन, सम्पूर्ण शैक्षिक प्रणालीलाई पनि सुधार्नुपर्छ । सरकार र समाजले शिक्षकलाई आर्थिक, सामाजिक र नैतिक दृष्टिले सम्मानजनक वातावरण दिनुपर्छ । तर त्यो सम्मानको पात्र बन्न शिक्षक स्वयं योग्य, उत्तरदायी र समर्पित हुनुपर्छ । सम्मान मागेर होइन, कर्मबाट कमाउनुपर्छ ।शिक्षक भनेको केवल पढाउने होइन, बाँच्ने कला सिकाउने हो । उनले विद्यार्थीलाई 'कसरी' सोच्ने र 'किन' सोच्ने सिकाउँछ । असल शिक्षकले विद्यार्थीलाई अन्धविश्वासबाट ज्ञानतर्फ, स्वार्थबाट परमार्थतर्फ, र निराशाबाट आशातर्फ डोर्‍याउँछ । शिक्षकले विद्यार्थीलाई संसारको भ्रम देखाउँदैन, उसको वास्तविकता बुझ्ने आँखा दिन्छ ।

अन्तत:, शिक्षक नै समाजको आत्मा हुन् । उनीहरू बिना शिक्षा दिशाहीन हुन्छ, र शिक्षा बिना समाज निर्जीव हुन्छ । शिक्षक भनेको त्यो दीपक हो, जसले आफ्नो तेल जलाएर अरूको बाटो उज्यालो पार्छ । आजको अन्धकारमय समयमा यस्तो दीपको आवश्यकता अझ बढी छ- जो स्वार्थ र राजनीति भन्दा माथि उठेर सत्य, विवेक र मानवीयताको प्रकाश फैलाउँछ । त्यसैले, असल शिक्षक बन्ने अभियान केवल शिक्षकहरूको व्यक्तिगत जिम्मेवारी होइन, राष्ट्रकै पुनर्जागरणको आवश्यकता हो । जब शिक्षकहरू फेरि निष्पक्ष, इमानदार र मानवकेन्द्रित बन्छन्, तब शिक्षा पुन: पवित्र बन्छह विद्यार्थीहरू पुन: प्रेरित बन्छन्ह र समाज पुन: उज्यालिन्छ । शिक्षकको हातमा कलम मात्र छैन- राष्ट्रको भविष्य छ । त्यो कलम जब सत्य, विवेक र प्रेमको स्याहीले लेखिन्छ, तब इतिहास उज्यालो हुन्छ । त्यसैले शिक्षकले कहिल्यै बिर्सिनु हुँदैन-उनी केवल पेसाकर्मी होइनन्, आत्माका अभियन्ता हुन्, भविष्यका मूर्तिकार हुन्, र मानवताको प्रकाशस्तम्भ हुन् ।(

*धामीसुदूरपश्चिम विश्वविद्यालय कैलाली बहुमुखी क्याम्पसकी विद्यार्थी हुन् ।)*

*-रातोपाटी डटकम*

# लोक दोहोरी प्रतिष्ठान पाल्पाको अध्यक्षमा कार्की



**पाल्पा,** कार्तिक २३/ राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान पाल्पाको अध्यक्षमा रुपेश कार्की चयन भएका छन् । शाखाको २३ औं साधारणसभा तथा नवौं अधिवेशनले कार्कीलाई अध्यक्षमा चयन गरेको हो ।

उनी यस अघि प्रथम उपाध्यक्ष थिए । अधिवेशनले प्रथम उपाध्यक्षमा दीपक केसी, द्वितीय उपाध्यक्षमा गणेश न्यौपाने, महिला उपाध्यक्षमा धनीसरा खाम्चा, सचिवमा रामकृष्ण थापा, कोषाध्यक्षमा मेघराज बस्याल, सहसचिवमा सुमितकुमार घिमिरे र सहकोषाध्यक्षमा रूपा थापालाई चयन गरेको छ । यस्तै सदस्यहरूमा बिजय बमरेल, भरत खड्की, ममता कोइराला, जनकराज अर्याल, कृष्ण थापा, राजन थापा, गोविन्द थापा, अनिता ज्ञवाली, महादेव विश्वकर्मा, सिमा सारु, ऐशोरा कार्की, निरु सुनार, विष्णु कोइराला, सुरेश रायमाझी र चोपीकुमारी गाहा रहेको निर्वाचन अधिकृत शिव देवकोटाले जानकारी दिए । अधिवेशनको राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालका पूर्वकेन्द्रीय अध्यक्ष बद्री पंगेनी उद्घाटन गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै उनले लोक तथा दोहोरी गीत नेपाली संस्कृतिको जग भएको बताए । मुलुकको पहिचान र मौलिकता जोगाउने काम गरिरहेको र आगामी दिनमा पनि गर्नुपर्नेमा उनले जोड दिए । लुम्बिनी प्रदेश प्रतिष्ठानका वरिष्ठ उपाध्यक्ष दामोदर बस्याल, प्रदेश सचिव रेखा विष्ट, तानसेन नगरपालिकाका सूचना अधिकारी भरत आचार्य लगायतले लोक तथा दोहोरी गीत केवल मनोरञ्जनको माध्यम नभई राष्ट्रिय एकता र सांस्कृतिक पहिचानको महत्वपूर्ण हिस्सा भएको बताए । आफ्नो कार्यकालमा सहयोग गर्ने सबैलाई निवर्तमान अध्यक्ष कमल भट्टराईले धन्यवाद ज्ञापन गरे ।

खेलकुद समाचार

## विजय स्पोर्ट्स क्लबको सानदार जित



**काठमाडौं** , कार्तिक २३/एन्फा प्रेसिडेन्ट लिग फुटबल २०८२ अन्तर्गत आइतबार भएको खेलमा लालिगुराँस एसोसिएसन क्लबले जनजागृति युवा क्लबलाई ४-० गोलले हरायो । पहिलो हाफमा आशिस गुरुङको गोलमा अग्रता लिएको खेलमा लालिगुराँसले दोस्रो हाफमा थप तीन गोल गरेको हो ।

गुरुङले दोस्रो हाफमा पनि दुई गोल गर्दै ह्याट्रिक पुरा गरे । उनी प्लेयर अफ द म्याच घोषित भए। यम बहादुर श्रेष्ठले अर्को गोल गरे । अर्को खेलमा विजय स्पोर्ट्स क्लबले देउराली युथ क्लबलाई ४-१ ले हरायो। विजयका नीरज चौधरीले ह्याट्रिक गरे । अरुण थापाले थप गोल गरे । देउरालीका उज्ज्वल राईले गोल गरे।नीरज प्लेयर अफ द म्याच घोषित भए । २ मङ्सिरसम्म हेटौडामा आयोजना हुने लिगमा १० टोलीको सहभागिता छ । सहभागी टोलीमा गाईघाट फुटबल क्लब, देउराली यूथ क्लब, नव जागृति क्लब, चित्लाङ फुटबल क्लब, टाइगर्स टिम टिकालाथाल, जन जागृति युवा क्लब,काँक्रेविहार यूथ क्लब, विजय स्पोर्ट्स क्लब,हैरान्स क्लब र लाली गुराँस एसोसिएसन क्लब छन् ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## मिसन अस्पतालले...

...हाल अस्पतालमा २० चिकित्सक कार्यरत रहेको सूचना अधिकारी... भट्टराईले जानकारी दिए । अस्पतालले मुटु सम्बन्धी विशेषज्ञ सेवा, मातृशिसु सेवा लगायत अन्य नियमित सेवालाई विस्तार गरेको छ । अस्पतालले गत साउनमा प्रसुती सेवा (सुत्केरी सेवा) तर्फ समेत सेवा विस्तार गरेको थियो । १६ बेड क्षमताको प्रसुती सेवा सञ्चालन गर्दै आएको अस्पतालले २० बेड र क्याविन समेतको सेवा विस्तार गरेको जनाएको छ । सिटि स्क्यान सेवा सञ्चालनको विशेष कार्यक्रम गरी शुभारम्भ गरिने तयारी रहेको अस्पताल प्रसासनले जानकारी दिएको छ ।


कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुने गरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विज्ञापन दररेट

साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/ |

सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ७००/- |

डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-५, कैलाशनगर पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१


## शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८२/०७/२३**

शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको चलानी नं.२७५ मिति २०८२/०७/०२३ को पत्र अनुसार यस विद्यालयमा रिक्त मा.वि तह तृतीय श्रेणी अंग्रेजी विषय शिक्षक पदमा करारमा शिक्षक नियुक्तिको लागि योग्य इच्छुक नेपाली नागरिकबाट तपशिल अनुसार दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**

**विज्ञापन नं. :** १/२०८२/०८३, **पद तथा संख्याः** शिक्षक (करार) १ जना

**तह :** माध्यमिक, **श्रेणी :** तृतीय, **विषय :** अंग्रेजी

**न्युनतम शैक्षिक योग्यता :** विए/विएड वा सो सरह उत्तीर्ण

**उमेर :** १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको

**तलब भत्ता :** नेपाल सरकारको प्रचलित स्केल बमोजिम

**निवेदन दिनुपर्ने अन्तिम मिति :** २०८२/०८/०७ गते (विद्यालय समयसम्म)

**सम्पर्क मिति :** २०८२/०८/०८ गते

**परीक्षा मिति :** सम्पर्क मितिमा तोकिने छ ।

**परीक्षाको किसिम :** लिखित र अन्तर्वार्ता, **निबेदन दस्तुर :** रु १०००/-

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु :** नेपाली नागरिकताको प्रमाणपत्र, आफुले हासिल गरेको सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्र र स्थायी अध्यापन अनुमति पत्र, प्रत्येकको २/२ प्रति प्रमाणित प्रतिलिपि दरखास्त साथ संलग्न हुनुपर्ने, परीक्षाको दिन सक्कल प्रमाणपत्र उपलब्ध गराउनुपर्ने ।

**थप जानकारीको लागि सम्पर्क :** ९७६६३०२६३२ (प्रअ),९८६७०४८३३१ (अध्यक्ष) (radhakrishnamav@gmail.com

**पुनश्चः** करार सूचीका उम्मेदवारलाई प्राथमिकता दिइने छ । साथै कम्प्युटर सीप भएको भए राम्रो मानिनेछ ।)

**श्री राधाकृष्ण माध्यमिक विद्यालय**
निस्दी-१, बाकामलाङ, पाल्पा

## १५ दिने दावी विरोध सम्बन्धी सूचना

***प्रकाशित मिति : २०८२/०७/२४***

प्रस्तुत विषयमा तानसेन नगरपालिका- १ लालीगुराँसटोल स्थायी ठेगाना भई साविक तानसेन नगरपालिका वडा नं. ३ जैसीचौपारी हाल तानसेन - ६ जैसीचौपारीमा मोतिराम रानाको नातीनीबुहारी, यमबहादुर रानाको बुहारी सीता रानाको नाममा दर्ता कायम रहेको कित्ता नं. २३५६ क्षेत्रफल ०-४-०-० को जग्गामा घर बनाउन लागेको र पूर्वतर्फको कि.नं. २४७४ क्षेत्रफल ०-३-३-२ को घनश्याम घर्ती मगर र दक्षिणतर्फको कित्ता नं. २३४४ क्षेत्रफल ०-२-३-३ को नरेन्द्र बोहोरा सम्पर्कमा नआएकाले उक्त हाम्रो जग्गामा घर निर्माणको लागि नक्सा पास हुन नसकेकाले यो सूचना प्रकाशित गरिएको छ । जग्गाधनी सीता रानाले प्रकाशित गरेको सूचना मितिले १५ दिनभित्र सधीयार घनश्याम घर्ती मगर र नरेन्द्र बोहोराको कुनै दावी विरोध रहेमा स-प्रमाण सहित तानसेन नगरपालिका कार्यालयको नक्सा शाखामा दावी विरोध गर्न आउनुहुन सादर अनुरोध गरिन्छ । अन्यथा सोही बमोजिम नाप नक्सा तथा निर्माण कार्य सूचारु हुने यसै सूचनाबाट जानकारी गराइन्छ ।

***इति सम्वत २०८२ साल कार्तिक २४ गते रोज २ शुभम्...।***


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई